बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं ।

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मुल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१४ ।। अङ्क : १८० ॥ २०७९ श्रावण २४ गते मंगलबार (9th Aug 2022 Tuesday) **Pratidin** National Daily dNo–?÷%÷–

## मुख्यमन्त्रीको रबैयाका कारण प्रदेशको नामकरण हुन सकेन : राई



झापा(प्रस) । वर्तमान सरकारका मुख्यमन्त्री राजेन्द्र राईले सहजकर्ताको भूमिका पुरा नगर्दा प्रदेश नम्बर १ को नामकरण हुन नसकेको पूर्व मुख्यमन्त्री तथा नेकपा एमालेका स्थाई कमिटी सदस्य शेरधन राईले बताएका छन् । सोमबार संखुवासभाको सदरमुकाम खाँदबारीमा प्रेस चौतारी नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्व मुख्यमन्त्री राईले अहिलेको सरकारको रवैयाका कारण नामकरण हुन नसकेको आरोप लगाए ।मुख्यमन्त्री आफैले जनता भिडाउन खोजेको स्थाई कमिटी सदस्य राईले बताए । प्रदेश सरकारले सहजीकरण गरे नेकपा एमाले छलफलका लागि तयार रहेको उनले बताए । नामकरणका लागि एमाले एक ढिंक्का भएको समेत राईले दावी गरे । प्रदेशको नामकरणका लागि नेपाली काँग्रेसले समेत खुट्टा कमाएको राईले आरोप लगाए । नेकपा एमाले सहमतिका लागि कोशी , सगरमाथा, विजयपुर, सप्तकोशी, किरातलगायतका नाममा छलफल गर्न तयार भएको उनको भनाइ छ ।

**गठबन्धनसँग एमाले एक्लै चुनाव लड्छ**

आगामी चुनावमा गठबन्धनसँग एक्लै चुनाव लड्ने एमालेका स्थाई कमिटी सदस्य राईले बताए । गठबन्धनसँग नेकपा एमाले एक्लै चुनाव लड्न सक्षम भएको उनको दावी छ । गठबन्धनका दलहरुसँग एमाले एक्लै लड्न प्रतिस्पर्धा गर्न सक्ने राईले बताए ।

# राप्रपा अध्यक्ष लिङ्देनबिरुद्ध खरो उत्रिए दुर्गा प्रसाई



झापा(प्रस) । नेकपा एमालेसंग गठबन्धन गरेर यसपटक फेरि झापा क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यमा उठ्ने तयारी गरेका राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबिरुद्ध एमाले केन्द्रीय सदस्य दुर्गा प्रसाई खरो उत्रिएका छन् । दुई दिनअघि राप्रपा सकियो भन्दै कचनकवल गाउँपालिकाका पूर्व अध्यक्ष तथा राप्रपाका केन्द्रीय सदस्य अन्जार आलम एमालेमा प्रवेश गरेको अफवाह फैलाएका प्रसाई यतिखेर राप्रपासंगै राप्रपा अध्यक्ष लिङ्देनको छवि बिगार्न उद्धत देखिएका हुन् ।

झापा क्षेत्र नं ३ बाटै प्रतिनिधिसभा सदस्य उठ्ने इच्छा राखेका प्रसाईले केही दिनदेखि लगातार राप्रपा र राप्रपाका अध्यक्ष लिङ्देनको नकारात्मक टिप्पणी गर्दै आइरहेका छन् । अन्जार आलमले केपी ओलीसंगको भेटघाटमा खिचेको तस्वीरलाई प्रोपोगान्डा मच्चाउँदै प्रसाईले दुई दिनअघि आलम एमालेमा प्रवेश गरेको भ्रामक प्रचार गरेका थिए । त्यसलाई आलम र लिङ्देनले खण्डन गरेको भोलिपल्ट प्रसाईले सामाजिक संजालमा आफ्नो भिडियो हालेर लिङ्देनको तीब्र विरोध जनाएका छन् । उनले भिडियोमा भनेका छन् 'देश र विदेशमा रहनु भएका मेरा प्यारा दाजुभाइ तथा दिदीबहिनीहरुलाई म के जानकारी गराउन चाहन्छु भने राप्रपाका अध्यक्ष हाम्रा दाई राजेन्द्र लिङ्देनको झुटो कुरामा झुटो प्रलोभनमा तपाईहरु नपर्नु होला । किनभने उहाँ गणतन्त्र विरोधी अभियानमा हिड्नु भएको छ र गणतन्त्रमै सांसद हुनु भएको छ । यदि राजा चाहिएको हो भने उहाँले जंगलमा , सडकमा बसेर आन्दोलन गरेर राजालाई स्थापित गराउनु नि । सदनमा बसेर उहाँको माग पुरा हुने छैन र उहाँलाई हाम्रो पार्टीले अब सहयोग गर्दैन । किनकि ५ वर्ष अगाडी संघीय निर्वाचनमा हाम्रो पार्टीले सहयोग गरेर उहाँलाई संसदमा पुऱ्यायो । र, उहाँले के गर्नु भयो भन्दा जतिखेरै गणतन्त्रविरुद्ध लडाई लड्नु भयो । साथै उहाँ गणतन्त्र चाहिदैन भन्नुहुन्छ र त्यही गणतन्त्रमा सांसद बन्छु भनेर 'अहिले के.पी. ओलीसंग मेरो कुरा भईसकेको छ । अब फेरि हाम्रो गठबन्धन हुन्छ । तपाईले मलाई नै भोट हाल्नुपर्छ । राप्रपालाई , हलोलाई नै भोट हाल्नुपर्छ 'भन्दै हिड्नु भएको छ । यो अब कदाचित हुँदैन । यस क्षेत्रका आम दाजुभाइ तथा दिदीबहिनीहरुलाई म के भन्छु भने अब हाम्रै सूर्य चिन्हमा हामीले भोट हाल्ने अवसर पाउँछौ । ३ नं क्षेत्रमा कर्मठ , विकासप्रेमी , नढाट्ने , सहि मान्छे पार्टीले उम्मेदवार घोषणा गरेर पठाउँछ । तपाईहरु प्रतिक्षा गर्नुहोस् । गठबन्धन राजेन्द्र दाईको लागि हो । गठबन्धन एमालेको लागि होईन । त्यसैले एमालेका उम्मेदवारलाई गठबन्धन आवश्यक छैन ।'

केही दिनअघि झापा क्षेत्र नं ३ का सांसद लिङ्देनले फेरि पनि आफू त्यही क्षेत्रबाट उठ्ने बताएका थिए । अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमाले र माओवादी केन्द्रसंग गठबन्धन गरेर चुनाव जितेका सांसद लिङ्देनले यस पटक पनि एमालेसंग गठबन्धन गरेर निर्वाचनमा जाने संकेत दिएका छन् । एमालेसंग गठबन्धन गरेर लिङ्देनले झापा क्षेत्र नं ३ मा चुनाव लड्ने अवसर पाए प्रसाईको चुनाव लड्ने सपना चकनाचुर हुने भएको छ । उनले आगामी मंसिर ४ गते घोषित प्रतिनिधिसभा निर्वाचनका लागि क्षेत्र नं ३ मा लाखौं खर्च गरिसकेका छन् । त्यही भएर प्रसाई लिङ्देनप्रति आक्रोशित देखिएको विश्लेषण गरिएको छ । उट्पयाङ बोली र व्यवहारले बारम्बार विवादमा परिरहने प्रसाईको हर्कतका बारेमा लिङ्देनले भने कुनै प्रतिक्रिया जनाएका छैनन् ।

# एन्फा अध्यक्ष नेम्वाङलाई झापामा सम्मान



बिर्तामोड(प्रस) । अखिल नेपाल फुटबल संघ (एन्फा) का नवनिर्वाचित अध्यक्ष पंकजविक्रम नेम्वाङलाई गृहजिल्ला झापाका दर्जनौं संघसंस्थाले सम्मान गरेका छन् ।

नेम्वाङको गृहनगर धुलाबारीमा झापा जिल्ला फुटबल संघद्वारा सोमबार आयोजित भव्य कार्यक्रमका बीच उनलाई सम्मान गरिएको हो । असार ६ गते सम्पन्न एन्फाको निर्वाचनबाट नेम्वाङ पहिलोपटक मोफसलबाट अध्यक्षमा निर्वाचित भएका थिए ।

कार्यक्रममा नेम्वाङले फुटबल गतिविधि सुरु गरेको स्थानीय रोलिङ क्लब, दमकको ध्रुवतारा स्पोर्टिङ क्लब, सतासीधाम स्पोर्टिङ क्लब, काँकरभिट्टा फुटबल ट्रेनिङ सेन्टर, बिर्तामोड भेट्रान्स फुटबल क्लबले सम्मानपत्र प्रदान गरेका थिए ।

त्यस्तै, मोफसलको चर्चित झापा गोल्डकप, झापा टुडे डटकम, मुनाल क्लब, झापा जिल्ला फुटबल रेफ्री संघ, प्रशिक्षक संघलगायतले नेम्वाङलाई सम्मान गरेका थिए ।

झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आलेको अध्यक्षतामा भएको स्वागत तथा सम्मान कार्यक्रममा एन्फा अध्यक्ष नेम्वाङले झापाली फुटबल अभियन्ताहरुलाई एकजुट भएर अघि बढ्न आग्रह गरे ।

'तपाईंहरुबीच एकता भएको खण्डमा नेपाली फुटबलले नै ठुलो फड्को मार्नेछ', नेम्वाङले भने, 'फुटबलको उर्वरभूमि हो झापा, त्यस्तै तपाईंहरु मिलेर काम गर्नुपर्छ ।'

कार्यक्रममा संघका पूर्वअध्यक्षद्वय जलकुमार गुरुङ र महेन्द्र सुब्बा, झापा गोल्डकपका महासचिव गजेन्द्रबहादुर पौडेल, क्लबहरुको तर्फबाट फुर्वा तामाङले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च झापाका अध्यक्ष हिमाल खरेल, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई, बिर्तामोड भेट्रान्स फुटबल क्लबका अध्यक्ष किरण थापासमेतको आतिथ्यता रहेको थियो ।

OLD IS GOLD
'गुणस्तरीय र सुलभ शिक्षा, कनकाईको प्रतिवद्धता'
भर्ना खुल्यो ! भर्ना खुल्यो

मेची अञ्चलमै पहिलोपटक २०३५ सालमा अंग्रेजी माध्यमबाट पठनपाठन शुरु भई कक्षा नर्सरीदेखि मास्टर्स डिग्रीसम्म सञ्चालन भइरहेको पूर्वकै ऐतिहासिक शैक्षिक प्रतिष्ठान कनकाई एजुकेशन फाउण्डेशन विर्तामोडमा शैक्षिक सत्र २०७९ को लागि कक्षा ११ को व्यवस्थापन, शिक्षा र मानविकी संकाय अन्तर्गतका विषयहरुमा नयाँ भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं । सीट सीमित भएकोले समयमै भर्ना गरी आफ्नो भविष्य सुनिश्चित गर्नुहोस् ।
**सम्पर्क** : ०२३–५४००५५, ०२३–५४००९५ (क्याम्पस प्रशासन)
९८४२६२६१३९ (प्राचार्य), ९८४२६५७९३८ (प्रशासकीय अधिकृत)




## रहेनन् सामाजिक ब्यक्तित्व चुडाल



बिर्तामोड(प्रस) ।बिर्तामोड १० विराटपोखरका सामाजिक ब्यक्तित्व भिष्म चुडालको निधन भएको छ । आइतबार राति ८:३० बजे काठमाडौमा उनको निधन भएको हो। उनको सोमबार बिहान पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको पारिवारिक स्रोतले जनाएको छ । २०१७ सालमा जन्मिएका चुडाल काठमाण्डौमा रहँदा हिमालयन बैंक, रेडियो नेपाललगायतमा आवद्ध थिए । उनी नेपाली कांग्रेसप्रति आस्थावान थिए । साउन ६ गते बिहान काठमाडौमा बैंकमा गएको बेला अकस्मात लड्दा टाउकोमा चोट लागेर उनी अचेत भएका थिए। त्यसपछि लगातार नर्भिक हस्पिटलमा भेन्टिलेटरमा उनको उपचार भैरहेकोमा राति निधन भएको भाइ हरि चुडालले जनाएका छन् । उनी झापाबाट केहीदिन अघि काठमाडौं गएका थिए ।

चुडालका श्रीमती अनिता, दुई छोरा अनिश, मनिष, बुहारी प्रार्थना रहेका छन् । अन्त्येष्टि काठमाडौमा गरिए पनि अन्य कर्म विराटपोखरमा गरिने जनाईएको छ।






# शिक्षक-विद्यार्थीमा कोरोना देखिएपछि तीन विद्यालय बन्द

झापा(प्रस) । कोरोना संक्रमण देखिएपछि भोजपुरको टेम्केमैयु गाउँपालिकाका तीनवटा विद्यालय बन्द गरिएको छ ।

उक्त पालिकाको वडा नं. ३ अन्नपूर्णस्थित बाघधन रणदीपा राई माध्यमिक विद्यालय, छाङछाहाङ प्राावि र वडा नं. ७ को जनोदय मावि बन्द गरिएको हो ।बाघधन रणदीपा राई माविका पाँच विद्यार्थीमा कोरोना संक्रमण पुष्टि भएपछि साउन २७ गतेसम्मका लागि विद्यालय बन्द गरिएको प्रधानाध्यापक डम्बर राईले बताए । २७ गतेसम्म कोरोना संक्रमणको अवस्था हेरेर विद्यालयको पठनपाठन सञ्चालन गर्ने या बन्द लम्ब्याउने भन्नेबारे टुङ्गो लगाइने उनको भनाइ छ । 'कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएपछि एन्टिजेन परीक्षण गर्दा पाँच जनामा संक्रमण पुष्टि भएको देखियो' राईले भने 'त्यसैले २७ गतेसम्मका लागि विद्यालय बन्द गरियो ।'उक्त वडाकै छाङछाहाङ प्राविकी एक शिक्षिका र दुई विद्यार्थीमा समेत कोरोना देखिएपछि दुई दिनका लागि विद्यालयको पठनपाठन पूर्ण रुपमा बन्द गरिएको प्रअ लक्ष्मी घिमिरेले बताए । विद्यार्थीको अवस्था हेरेर बिदा लम्ब्याउने वा विद्यालय सञ्चालन गर्ने भन्नेबारे टुङ्गो हुने घिमिरेको भनाइ छ । उक्त विद्यालयमा ज्वरो आउने, टाउको दुख्ने, बान्ता आउनेलगायत लक्षण देखिएका बिरामी बढेको घिमिरेले सुनाए । सोही पालिकाकै वडा नं. ७ कोटको जनोदय माविका प्रअसहित १३ जनामा कोरोना देखिएपछि २७ गतेसम्मकै लागि विद्यालय बन्द गरिएको छ । प्रअ अरुण चौधरीका अनुसार आफूसहित दुई शिक्षक र ११ विद्यार्थीमा कोरोना देखिएपछि विद्यालय बन्द गरिएको हो । उक्त पालिकाको वडा नं. ८ गोगनेमा पनि कोरोना संक्रमितको संख्या बढेको छ । बिरामीको संख्या बढेको जानकारीपछि परीक्षणको तयारी गरिएको टेम्केमैयु गाउँपालिका शिक्षा शाखा प्रमुख राजन ढकालले बताए । बालबालिकाले कोरोनाको खोप पनि नलगाएकाले समस्या पैदा हुने अवस्था आएको उनले जनाए ।


CTEVT र नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानको संयुक्त साझेदारीमा स्थापित

**नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालय**

बिर्तामोड न.पा. ०४ झापामा

यसै शैक्षिक शत्र ०७९/८० को लागि बिभिन्न प्राविधिक विषयहरुमा भर्ना लिइदैंछ ।

प्राविधिक शिक्षा लिऔं स्वरोजगार बनौं ।

सञ्चालीत कार्यक्रमहरुः

डिप्लोमा तहका :-

I.Sc.Ag. Plant Science (बालि विज्ञान) ३ बर्षे - सिट संख्या ४०
I.Sc.Ag. Animal Science (पशु विज्ञान) ३ बर्षे - सिट संख्या ४०
Diploma in Forestry (वन विज्ञान) ३ बर्षे) - सिट संख्या ४०

आवेदन फारम बुझाउने अन्तिम मिति
यहि मिति २०७९ साल श्रावण २६ गते विहीवार सम्म ।

हाम्रा बिषेशताहरुः

- अनुभवी तथा विषयविज्ञ प्रशिक्षकद्वारा कक्षा सञ्चालन गरिने ।
- व्यवस्थित तथा सुविधासम्पन्न प्रयोगशाला ल्याव भएको ।
- विपन्न तथा जेहेन्दार विशेष छात्रवृत्तितर्फ कोटा निर्धारण गरिएको ।
- छात्र छात्रावासको लागि व्यवस्थित छात्रबासको व्यवस्था भएको ।

सम्पर्क नं. ०२३-५९०८२३, ९८५२६७५१९७, ९८४२६२५३८१, ९८४२७००४२०, ९८०५३०००४६
स्थानःबिर्तामोड नगरपालिका ४ झापा,
पुरानो भद्रपुर रोड, आर्दश ब्याङ्केटको अगाडि पट्टि


# 'प्रकाश'को प्रोमोशन गर्न कलाकारको टोली झापामा

बिर्तामोड(प्रस) । आगामी भदौ १० गते प्रदर्शन मिति तोकेको फिल्म 'प्रकाश'को प्रोमोशनका लागि कलाकारको टोली झापा आइपुगेको छ । प्रदर्शनको अन्तिम तयारीमा रहेको नेपाली कथानक चलचित्र 'प्रकाश' नेपाली समाजको यथार्थता भएको कलाकारले बताएका छन् । उक्त चलचित्रको प्रवर्द्धनका लागि आइतबार झापा आएका कलाकार हरुले चलचित्रले नेपाली समाजको यथार्थतालाई देखाउन खोजेको बताए ।



चलचित्रमा जुम्लाको गरिब परिवारको विपन्नतामा हुर्केका एक सदस्य प्रकाशको शिक्षक बन्ने सपना र त्यससँग उनको सपना पूरा गर्न जोडिएका विभिन्न घटनाक्रमलाई प्रस्तुत गर्न खोजिएको छ । आफ्नो सपना पूरा गर्न गर्नुपर्ने विविध संघर्षको कथालाई चलचित्रले देखाउन खोजेको बताउँदै उनले आफूलाई प्रकाशले कलाकार बनाएको उल्लेख गरे। प्रकाशमा नायक प्रदीप खड्कासँगै नायिका दीया मास्केको मुख्य अभिनय छ । दिनेश राउतको निर्देशन र विकास सुवेदीको लेखन रहेको फिल्मले माओवादी युद्धमा सहभागी बेपत्ता परिवारको कथा देखाउँछ । जहाँ आमा र छोराको इमोशन प्रस्तुत गरिएको छ । समाज, राजनीति, पारिवारिक द्वन्द्वकै सेरोफेरोमा 'प्रकाश' को कथा र यात्रा छ । प्रोमोसनका क्रममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नायक खड्काले प्रकाश फिल्ममा आफूले नयाँपन दिन खोजेको बताए । उनले आफ्नो कलाकारितामा नयाँ जन्म भएको बताए । सिस्टमको विरुद्धमा शिक्षा र जनचेतना जगाउनका लागि प्रकाशले प्रकाश छर्ने काम गरेको उनको भनाई छ । त्यस्तै नायिका दीया मास्केले प्रकाश फिल्ममा सीताको भूमिका आफ्नो जीवनकै महत्वपूर्ण रहेको बताइन् । उनले प्रदीपको आमा बनेर चारित्रिक अभिनेतृको रुपमा अभिनय गरेको जानकारी दिइन् ।'सबै कुरा भनेर साध्य छैन प्रकाश हेरेपछि मात्र थाहा हुन्छ' उनले भनिन् । कार्यक्रममा कलाकार रेनु योगीले पनि आफ्नो भूमिकाका बारेमा बताएकी थिइन् । फिल्ममा प्रदीपसँगै दीया मास्के, रेनु योगी, प्रकाश घिमिरे, निरज पन्थी, गोविन्द सुनुवार, रामबाबु रेग्मी, लोकेन्द्र लेखक,दीपेन्द्र शाहीलगायतका कलाकारको अभिनय छ ।

बिनिस इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा राजेश श्रेष्ठको छायांकन, जीवन थापाको सम्पादन, सुवास भुसाल, दीपक शर्मा, ताराप्रकाश लिम्बू र एलिस कार्कीको संगीत, उत्तम न्यौपानेको साउण्ड डिजाइन र शैलेश श्रेष्ठको पार्श्व संगीत छ । करिव ४० दिनमा छायांकन पूरा भएको सो फिल्ममा साढे दुई करोड लगानी भएको जनाइएको छ ।

# बालबालिकासंग लाखे

बिर्तामोड(प्रस) । नेवारी समुदायको लाखे नाच मनकामना माध्यमिक विद्यालय बिर्तामोडका बालबालिकासंग नचाईएको छ ।

नेवा पासा मुनः पुच बिर्तामोड नगर कमिटीद्वारा नाच प्रस्तुत गरिएको थियो ।

विद्यालयमा रहेको उज्यालो मनकामना बालक्लबको सहजीकरण तथा विद्यालयको आयोजनामा सांस्कृतिक पर्वको रुपमा मनाईने नाच बालबालिकालाई देखाईएको प्रधानाध्यापक केशब ढुंगानाले बताए । मल्लकालदेखि शुरु भएको लाखे नाच बालबालिकालाई देखाउन पाउँदा ज्यादै खुशी र आनन्द लागेको नेवा पासा मुनः पुचःका अध्यक्ष दिनेश श्रेष्ठ बताए । उनले आगामी पुस्ता बालबालिका भएकाले यस्ता सांस्कृतिक पर्वको महत्व बुझाउन सके पुस्तान्तरण गर्न सकिने बताए । नाग पंचमीबाट शुर भई कृष्ण अष्टमीको भोलिपल्टसम्म नाचिने यो नाच पछिल्लो समय भने लोपोन्मुख हुँदै गएकाले विद्यार्थीलाई जानकारी दिन कार्यक्रमको आयोजना गरिएको बालक्लब अध्यक्ष स्वीकृति बाँस्तोलाले जानकारी दिईन् ।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिवसताक्षी नगरपालिकाको परिसर भित्र रहेको क्यान्टिनको लागि**

## आन्तरिक आय संकलनको लागी शिलबन्दी दरभाउपत्र आहानको सूचना

तेस्रो पटक प्रकाशित मिति : २०७९-०४-२४

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार निम्नानुसारका न्युनतम अंक नघटाइ आ.व. २०७९/०८० वर्ष १ (एक) को लागि तोकिएका शर्तमा ठेक्का लिन चाहने इच्छुक फर्म वा सस्थाले रितपुर्वक निम्न ठेक्काहरुको शिलबन्दी दरभाउपत्र माग गरिएकोमा तपशिलमा उल्लिखत ठेक्का पेस हुन नआएकोले पुनः दोस्रो पटक सूचना प्रकाशन गरिएको हुँदा ठेक्का लिन चाहने फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न वमोजिमको शर्त वन्देजमा रहि शिलवन्दी दरभाउपत्र प्रस्ताव खरिद गरी शिलवन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

ठेक्का सम्बन्धी विवरणः

- इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुबाट सुचना प्रकाशन मितिले ७(सातौं) औं दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड, शिवसताक्षी शाखामा रहेको ३१४००१००००१२८GA 1.1 मा रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) जम्मा गरी वा नगदै बुझाइ नगदी रसिदका साथ आ.व. संस्था दर्ता/नविकरण प्रमाणपत्र, स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७७/०७८ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ ।
- आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलव्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले कार्यालय समय भित्र ७औं दिन सम्म ठेक्का फाराम खरिद गर्न सकिने छ र ८ (आठौं) दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ र सोहि दिनको २:०० बजे खोलिने छ । शिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा दर्ता र खोलिने छ ।
- शिलबन्दी दरभाउत्रका साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा मेगा बैक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको धरौटी खाता न ३१४००१००००१६१GA3 मा नगदै जम्मा गरी सक्कलै भौचर वा ९० (नब्बे) दिनको म्याद भएको मान्यताप्रास (क) वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड बण्ड (बैक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।
- यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ

| सुचना प्रशाशन मिति | ठेक्का फारम खरिद गर्ने अन्तिम दिन (पन्ध्रौ दिन) | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन (सोह्रौ दिन) | कैफियत |
|---|---|---|---|
| २०७९-०४-२४ | २०७९-०४-३० (कार्यलय खुल्ने समय भित्र) | २०७९-०४-३१ (दिनको ठीक १२:०० बजे सम्म) | |

**आन्तरिक आय संकलनको लागी शिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वानको सूचना बमोजिमका ठेक्काहरुः**
**तेस्रो पटक प्रकाशित मिति: २०७९-०४-२४**

| ठेक्का नं | विवरण | २०७९/०८० को लागि प्रस्ताव (मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|
| ६ | शिवगञ्ज पशु बजार | १,००,०००.० | |
| ७ | दुधे हाट बजार – बहाल भिटौली | १,५१,०००.० | |
| ९ | मंलबारे हाट बजार र बहाल भिटौरी वडा नं. २ | १,५१,०००.० | |
| १० | बुल्लु चौक्, जनता बजार, रंगियाथान, पाँचगाछी पुरानो बजार र पाँचगाछी नया हाट बजार र बहाल भिटौरी शिवसताक्षी वडा नं. ४ | ३,६५,१००.० | |
| ११ | दोमुखा पार्किङ्ग शुल्क | ४,०१,०००.० | |
| १२ | कन्काई नदि जल कर (शिवसताक्षी नगरपालिका क्षेत्र) | १,००,०००.० | |
| १३ | झिलझिले बजार– बहाल भिटौरी | ५,५०,०००.० | |
| १४ | धरमपुर हाट बजार र बहाल भिटौरी वडा नं १ | ९१,०००.० | |
| १५ | पाराबारी बजार बहाल भिटौरी वडा नं. ३ | १,००,०००.० | |

(अमृत बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिवसताक्षी नगरपालिकाको परिसर भित्र रहेको क्यान्टिनको लागि**

## शिलबन्दी दरभाउपत्र प्रस्ताव अह्वानको सूचना

तेस्रो पटक प्रकाशित मिति : २०७९-०४-२४

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार शिवसताक्षी नगरपालिका कार्यालयको परिसर भित्र रहेको क्यान्टिनको न्युनतम अंक नघटाइ आ.व. २०७९/०८० वर्ष १(एक) को लागि तोकिएका शर्तमा ठेक्का लिन चाहने इच्छुक फर्म वा सस्थाले रितपुर्वक निम्न ठेक्काहरुको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

ठेक्का सम्बन्धी विवरणः

- इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुबाट सुचना प्रकाशन मितिले १५(पन्ध्र) औ दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड, शिवसताक्षी शाखामा रहेको ३१४००१००००१२८GA 1.1 मा रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) जम्मा गरी वा नगदै बुझाइ नगदी रसिदका साथ आ.व. संस्था दर्ता/नविकरण प्रमाणपत्र, स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७७/०७८ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ ।
- आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलव्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले कार्यालय समय भित्र १५(पन्ध्रौ) दिन सम्म ठेक्का फाराम खरिद गर्न सकिने छ र १६ (सोह्रौ) दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ र सोहि दिनको २:०० बजे खोलिने छ । शिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा दर्ता र खोलिने छ ।
- शिलबन्दी दरभाउत्रका साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत यस कार्यालयको नाममा मेगा बैक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको धरौटी खाता न ३१४००१००००१६१GA3 मा नगदै जम्मा गरी सक्कलै भौचर वा ९० (नब्बे) दिनको म्याद भएको मान्यताप्रास (क) वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड बण्ड (बैक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।
- यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ

| सुचना प्रशाशन मिति | ठेक्का फारम खरिद गर्ने अन्तिम दिन (पन्ध्रौ दिन) | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन (सोह्रौ दिन) | कैफियत |
|---|---|---|---|
| २०७९-०४-२४ | २०७९-०५-०७ (कार्यलय खुल्ने समय भित्र) | २०७९-०५-०८ (दिनको ठीक १२:०० बजे सम्म) | |

| ठेक्का नं | विवरण | २०७९/०८० को लागि प्रस्ताव (मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|
| १६ | नगरपालिका कार्यालयको परिसर भित्र रहेको क्यान्टिन | ३,००,०००.० | |

**शिवसताक्षी नगरपालिका कार्यालयको परिसरभित्र रहेको क्यान्टिनमा पाईने खानाको प्रकार र दररेट**

तेस्रो पटक प्रकाशित मिति : २०७९-०४-२४

| सि.नं. | खाजा/खानाको प्रकार | दर | |
|---|---|---|---|
| १ | भेज चाउमिन | ६०।०० | प्रति प्लेट |
| २ | अण्डा चाउमिन | ८०।०० | प्रति/प्लेट |
| ३ | चिकेन चाउमिन | १००।०० | प्रति प्लेट |
| ४ | मटन चाउमिन | १५०।०० | प्रति प्लेट |
| ५ | अण्डा थुक्पा | ७०।०० | प्रति प्लेट |
| ६ | भेज थुक्पा | ६०।०० | प्रति प्लेट |
| ७ | चिकेन थुक्पा | १००।०० | प्रति प्लेट |
| ८ | मटन थुक्पा | १४०।०० | प्रति प्लेट |
| ९ | चना भुजा | ४०।०० | प्रति प्लेट |
| १० | पुरी सब्जी (२ वटा) | ४०।०० | प्रति प्लेट |
| ११ | सुखा रोटी सब्जी | १५।०० | प्रति वटा |
| १२ | आलु पराठा | ३०।०० | प्रति वटा |
| १३ | आलु जिरा | ५०।०० | प्रति प्लेट |
| १४ | चाउचाउ पकाएको | ४०।०० | प्रति प्लेट |
| १५ | चटपटे | ३०।०० | प्रति प्लेट |
| १६ | पानी पुरी (४ वटा) | २०।०० | प्रति प्लेट |
| १७ | समोसा (२ वटा) | ५०।०० | प्रति प्लेट |
| १८ | दहि चिउरा | ५०।०० | प्रति प्लेट |
| १९ | समोसा चार्ट | ५०।०० | प्रति प्लेट |
| २० | भेज मःमः | ७०।०० | प्रति प्लेट |
| २१ | चिकेन मःमः | १००।०० | प्रति प्लेट |
| २२ | मटन मःमः | १५०।०० | प्रति प्लेट |
| २३ | सादा खाना | १२०।०० | |
| २४ | चिकेन खाना | १८०।०० | |
| २५ | मटन खाना | २५०।०० | |
| २६ | चिया (रातो) | १०।०० | प्रति कप |
| २७ | चिया (सेता) | १५।०० | प्रति कप |
| २८ | अण्डा बोइल | २५।०० | प्रति वटा |
| २९ | अण्डा आम्लेट | ३०।०० | प्रति वटा |
| ३० | पकौडा | ५०।०० | प्रति प्लेट |
| ३१ | जुलेवी | १५।०० | प्रति वटा |
| ३२ | चिकेन मासु चिउरा | १२०।०० | प्रति प्लेट |
| ३३ | मटन मासु चिउरा | २००।०० | प्रति प्लेट |
| ३४ | माछा मुरै | १५०।०० | प्रति प्लेट |
| ३५ | माछा खाना | २००।०० | प्रति प्लेट |
| ३६ | कफि ब्लाक | ३०।०० | प्रति कप |
| ३७ | मिल्क कफी | ४०।०० | प्रति कप |

(अमृत बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### फेरि झुक्याउन आउँदैछन्

सत्तारुढ गठबन्धनमा आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन गर्ने समझदारी बनेको छ। सत्तारुढ गठबन्धनको बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले अबको मन्त्रिपरिषद् बैठक मंसिर ४ गतेका लागि प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन तोक्ने विषयमा समझदारी गरिएको हो । निर्वाचनमा राष्ट्रवादको नारा पक्कै उठाइन्छ । प्रत्येक चुनावमा नेपालमा राष्ट्रवादको नारा बिकाऊ एजेन्डा बन्ने गरेको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको शब्दकोशमा राष्ट्रवाद भन्नाले 'आफ्नो राष्ट्रको उन्नति र हितलाई सर्वोपरि मान्ने सिद्धान्त वा राष्ट्र र राष्ट्रियताप्रतिको विशेष भक्तिभावना' भन्ने उल्लेख छ। देश र जनताको सर्वोपरि हित सत्तामा पुग्ने सबैको एजेन्डा हो, परन्तु २००७ सालदेखि नै आफूलाई अब्बल राष्ट्रवादी देख्ने र अरूको राष्ट्रभक्तिमाथि प्रश्न गर्ने परम्परा शुरू भएको थियो। भारतलाई गाली गर्नु नै राष्ट्रवादी बन्नु हो भन्ने एउटा अतिवादी सोच नेपालमा हावी छ। राजनीतिको 'मक्का मदिना' नै भारत हो, त्यसैले भारतसँग निहुँ खोज्नुहुन्न, उसका हरेक कदममा मौन बस्नुपर्छ, भन्ने अर्को पराधीन सोच पनि छ। असल छिमेकीसँग असल व्यवहार तर, पारस्परिक सम्मानको आधारमा सम्बन्ध कायम गर्नुपर्छ भन्ने मत छ, तर त्यो सुसुप्त छ । सिद्धान्ततः नेपालका राजनीतिक दल र नेताले समानताको कुरा गर्छन्, तर भारतमा गएपछि नतमस्तक बन्छन् ।नेपाल–भारत सम्बन्धबारे नेपालका नेताहरू सत्तामा रहँदा एकथरि भाषा र प्रतिपक्षमा पुगेपछि अर्कोथरी भाषा बोल्ने गर्छन् । सत्तामा रहँदा सीमा क्षेत्रमा सीमा सुरक्षाबलबाट हुने गरेका ज्यादति र डुबानको विषयमा चुइँक्क नबोल्ने नेताहरू प्रतिपक्षमा पुगेपछि भारतसँग कुरा गर्न नसकेको भनेर हुंकार गर्छन्। चुनावको बेलामा भने नेताहरू बढो राष्ट्रवादी र क्रान्तिकारी बनिदिन्छन् । अहिले नागरिकता विधेयकमा त्यस्तै विरोधाभाष देखिएको छ । कुनै बेला नेपालमा नागरिकतामा खुकुलो प्रावधान राख्दा नेपाल फिजी बन्छ, महेन्द्र चौधरी (फिजीमा प्रधानमन्त्री बनेका भारतीय मूलका नागरिक)हरू प्रधानमन्त्री बन्छन् भन्ने दल र नेताहरू नागरिकता विधेयकको बचाऊ गरिरहेका छन् । सत्ता जोगाउन र मधेसकेन्द्रित दललाई फकाउन यस्तै आशयको अध्यादेश ल्याएको दलले नागरिकता विधेयकमा राष्ट्रघात देख्न थालेको छ । आगामी प्रतिनिधि सभा निर्वाचनमा एमसीसी र एसपीपी सामान्य मसला बन्ने देखिन्छ । राजनीतिक दलहरुले सँधै झुक्याउँदै आएका छन्। त्यस्ता गुलिया कुरामा अब भुल्नु हुँदैन ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अपारदर्शी आम्दानी र सामाजिक सम्मान



नरेन्द्रजंग पिटर

न्युरोडमा खुलेका सहकारीमध्ये हालसालै ३२ वटा भागे । सर्वसाधारणको सञ्चित अर्बौं रुपैयाँ लिएर सञ्चालक अलपिए। कतिपय गिरफ्तार भए पनि कानुनी छिद्र खोजिँदै अदालत किन्ने प्रयत्न पूर्व सांसदले गरेको पनि छ्याङ्ग देखियो। भ्रष्टहरू जोगिन नक्कली छोडपत्र, पराइको नाममा भ्रष्टाचारी सम्पत्ति सुरक्षित राखेको पनि देखिन थाले। ठगका लागि उम्दा ग्राहक भनेका लोभी हुने गर्छन्। सामाजिक हितका लागि कौडी ननिकाल्नेहरू पनि मिटर ब्याज वा धेरै ब्याजमा लगाउने र ठगिएपछि भने रुने चिच्याउने गर्छन् । अहिले म्यान पावर कम्पनी, बैङ्क फ्रड सहज पुँजीका खेलाडी बने। शैक्षिक र मेडिकल माफियाहरूको कथनमा विद्यार्थी र रोगीका अभिभावक गरिब हुन सक्छन् तर कसैगरी पनि पैसा जोहो गर्न सक्छन् भन्ने सोचाइ हुन्छ। उनीहरू सेता कपडामा ठाँटिएकाले सहज पुँजीको वैधानिकता पनि पाएका हुन्छन्। कलिलै उमेरमा गोल्ड मेडलिस्ट भएर पदोन्नतिको धेरै सम्भवना भएको उपसचिव सहज पुँजी आर्जनले रङ्गेहात घुसमा समातिए। हालै कोहलपुरमा भर्खरका युवाको एउटा सङ्गठित गिरोहले नाटकीय रूपमा विवाह, योजनाबद्ध बीमा र बीमाधारकको हत्या गर्छन्। बीमासँग दुई करोड ५० लाख रकम लिएर बाँडफाँट पनि गर्छन्। त्यही अर्को घटना छ- सम्पत्ति एकलौटी पार्न दाजु भाउजू मिलेर भाडाका हत्यारामार्फत भाइ, बुहारीको हत्या। सहज पुँजीको भोक, निरास समाजमा ड्रगको कारोबार र सेवन, टोले गुण्डा गिरोह, न्याय प्रशासन किन्न सकिन्छ भन्ने सोच, जेसुकै तरिकाले कमाए पनि धनीलाई धनको स्रोत खोजिँदैन। सुविधा त भोगिन्छ नै भन्ने सामाजिक सम्मान पनि बढ्छ भन्ने मान्यता विकास भइरहेको छ।

**सामाजिक मनोविज्ञान**

सभ्यताको विकाससँगै सम्भावनाको खोजीमा मान्छे बसाइँसराइ सर्दै गयो। नयाँ सहरहरू बन्दै गए। सहर, सम्भावनाको नगरी मात्रै नभई चुनौती र महाप्रतिस्पर्धाको थलो पनि हुन्छ। उपभोक्तावाद फैलिँदै जाँदा ऋण काढेर भए पनि तुजुक देखाउने चलन पनि छ। सहर र उपभोक्तावादको गाढा मितेरी भएर बजार संस्कृति बन्छ। सोच र महत्वाकांक्षालाई बजारले नियन्त्रण र निर्देशन गरेपछि मान्छेमा नित्य नयाँको चाहना बढ्दै जान्छ। बजारसँग सबै चिज किन्ने र बेच्ने सामर्थ्य हुन्छ। उपभोक्तावादले हरेकलाई बजारको ग्राहक बनाइदिन सक्छ। भनिरहनुपरेन गर्भका बच्चा, जलाउन थालिएका मुर्दा पनि ग्राहक बन्छन्। एस्किमोलाई बरफ बेच्नु र तालु खुइलेलाई काइयो पनि बेच्न सक्छ । सहरले एकातर्फ महत्वाकांक्षा बढाइदिन्छ अर्कोतर्फ महत्वाकांक्षाको व्यवस्थापन गर्नु त्यति सजिलो हुँदैन। नवधनाढ्यहरूको तुजुकले भने सामान्यजन पनि प्रभावित भइहाल्छन्। उसका आर्थिक प्रगतिका अँध्यारापाटा अपराधपूर्ण हुन्छन् भन्ने सोच्दैनन्। कति छर्लङ्ग देखिन्छन्, कतिपय पैसा र शक्तिको आडमा दबाइएका हुन्छन्। त्यसैले नवधनाढ्य र अपराधको दुनियाँसँग राजनीतिको सम्बन्ध गाँसिन्छ। धन, शक्ति र यौनको भोकले मान्छे कहिल्यै अघाउन्न। तृष्णाले नैतिकताका बन्धन भत्कँदै जान्छन्। अरूले के भन्लान् ! पुर्खाको इज्जत के होला! समाजमा कुन अनुहार देखाउने! जस्ता मनोवैज्ञानिक डरले मान्छे आदर्शवादी बनेको हुन्छ। लाज र शरम हराएपछि नैतिकताका बन्धन टुट्छन्। परिणाममा नदेखिउन्जेल हरेक अपराधी सुरक्षित सोच्छ र कानुनको पञ्जामा परेपछि परिबन्दले परेको भन्ने तर्क कोरल्छ ।

मान्छेलाई सक्रिय बनाउने तत्व के हो ? कसैले पनि आफ्ना सन्तान अपराधी बनोस् भनेर सोच्दैनन् तर जति आधुनिकतातर्फ समाज बढ्दैछ अपराधका रूप र चरित्र पनि नयाँनयाँ अनुहारमा देखा पर्दैछन्। किन मान्छे आफैँले खनेका खाल्डामा पुरिएर आत्मघात् गर्न चाहान्छ ! महत्वाकांक्षाको समुचित व्यवस्थापन सहजै हुन नसकेपछि सजिलै आम्दानीको बाटो खोजिन्छ । उदयमान सहरका अगास्ति बजारले सुविधा मात्रै बढाउँदैन क्रयशक्ति नहुँदा पनि तुजुक प्रदर्शनका चाहना भने चुलिन्छन्। चाहना र अभावबीचको द्वन्द्वले अपराधको दुनियाँमा धकेल्छ । झन् इन्टरनेटको पहुँचले अपराधका पुराना तरिका फेरिँदै नयाँशैली देखिँदै गए। भावनामा बगेर, परिबन्दले घचेटेर, बदलाको घृणाले उत्तेजित भएर गरिने अपराधभन्दा पनि सहज आम्दानी गरेर रातोरात धनी बन्ने सोचले समाजमा नयाँखाले अपराधी देखा पर्दै गए। चाहनाको व्यवस्थापन गर्न नसक्दा अपराध र कुकर्ममा होमिँदै गए । भ्रष्टाचार आर्थिक मात्रै हुँदैन । सहज अम्दानी (इजी मनी) श्रमप्रतिको घृणा र एकाएक धनाढ्य बन्ने चाहानाले मान्छेलाई फोहोरी खाडलमा धकेल्छ । सोचको केन्द्रमा मानव नभएर मान्छे मात्रै रहन गएपछि सहज पुँजीका लागि अपराधकर्म तर्फ आकर्षण गराउँछ । अर्को पक्ष भनेको गाँउघरमा काम गर्न लजाउनेहरू विदेशमा भने फोरडी (डिफिकल्ट (कठिन), डिग्रेट (अपमानित), डिभ्यालुज (मूल्यहीन) र डेन्जर (खतरा)) काम गर्न स्वीकार्छन्। 'गाउँमा खेताला नपाएर खेत बाँझो हुन्छ, विदेशमा छोरो भने काम नपाएर तडपिन्छ' । अझ रमझम सहरमा गाडी देखाउँदै फोटो सामाजिक सञ्जालमा टाँसेर अरूलाई लोभ्याउँछ ।

**सहज अम्दानी**

सहज पुँजीको वेदान्त शास्त्रमा बाँचे एसको जिन्दगानी, मरे यत्रैसित्ति भन्ने हुन्छ। कानुनको फन्दामा परे, सके कानुन किनौँला, नसके जेलैबाट पनि धन्दा चलाउँला भन्ने 'आदर्श' सिद्धान्त गढेर उदीयमान सहरमा अपराधका नयाँनयाँ तरिका देखा पर्दैछन् । संस्थागत र वैधानिक खेलमा भएका राजकीय भ्रष्टाचारलाई भ्रष्टतन्त्रमा (क्लेप्टोक्रसी) समाजले सहजै स्वीकार्छ । भ्रष्टतालाई अपराधभन्दा पौरखीहरूको चातुर्य, क्षमता र योग्यता सोच्न थालेपछि भ्रष्टता समाजको अङ्ग बन्न थाल्यो। जहाँ भ्रष्टाचारलाई राजनीतिक संरक्षण हुन्छ, त्यहाँ भ्रष्टाचारीले नै राजनीतिक पार्टी कब्जा गर्छन्। पार्टीजनहरू आफ्ना भ्रष्ट भए समर्थन र सुरक्षा गर्छन्। आफू चोखो र अरू मात्रै भ्रष्ट भन्ने मान्यता विकसित हुन्छ । जसरी विज्ञानका विकास र आविस्कारसँगै रुढिवाद फैलिँदो छ त्यस्तै इन्टरनेटको पहुँचसँगै मान्छेका स्वभाव र सोच पनि फेरिँदै गए । मिडियाले मान्छेलाई नित्य नयाँ बनाइरहन्छ । हातहातमा रहेका एनरायड फोनले संसारमा भएका राम्रा र नराम्रा कुराको जानकारी सहजै पाउन सकिने भयो। त्यसैले साइबर अपराध र हनी ट्रायपका घटना बढे।

**फेरिएका नायक**

बजार शक्तिसँगै नायकका परिभाषा, रूप र गुण पनि फेरिँदै गए। नायकहरूको नायकत्व गुम्दै जानु भनेको समाज निराशामा धकेलिनु हुन्छ। नयाँ परिभाषामा भ्रष्ट र डन संस्कृतिले सामाजिक वैधता पाउन थाल्छ। आदर्शका धरहरा बनाउन जिन्दगी खर्चनेहरू पनि वासना र सहज पुँजीको भोकले एकाएक खलनायकमा फेरिएको पत्तै पाउँदैनन्। कुनै दिनका आदर्श भूमिकाले कथाको रूप लिन पुग्छ। गरेको योगदान भ्रष्टताको इन्सुरेन्स बन्न पुग्छ। पूर्वी सुर्खेतका चन्द्रबहादुर बुढा राष्ट्रिय पञ्चायतमा सदस्य हुने गर्थे। उनी एक पटक बैङ्कबाट सुनको भरिया बनेर आउँदा सेटिङ बिग्रिएर एयरपोर्टमै समातिए। छुटेपछि भन्ने गर्थे, मेरा मतदाता दिदीबहिनीलाई एक एक वटा तिलहरी र यार्लिङ बनाइदिने कत्रो धोको थियो, सबै सपना चकनाचुर भयो। उनलाई सुनबुढा भनेर चिनिन्थ्यो। अहिले सुन बुढाहरू जताततै छ्यास्सछ्यास्ती भेटिन्छन्। राजनीतिमा आएको आदर्शको स्खलन प्रभाव समाज र संस्कृतिमा पर्दै गयो। नायकसँगै नैतिकता, आदर्श, सिद्धान्त, पाप र धर्मजस्ता शब्दका मर्म फेरिए। अरूले के भन्ला ? भन्ने लोकलाज हराउँदै गयो। राजनीति व्यवसाय र महँगो बन्दै गएपछि अपराधी स्वयं राजनीतिमा संलग्न हुँदै सुरक्षित ठेगाना सोच्न थाले । भ्रष्टीकरण वैधानिक सिन्डिकेट बनाएपछि त्यसका आदर्श समाजमा फैलिँदै गए ।आम्दानीको अपारदर्शिता र खोजी निकायको अभावले भ्रष्टाचार संस्थागत बन्न पाउँछ । सिद्धान्तको राजनीति सुविधाको राजनीतिमा फेरिएपछि पार्टीहरू भ्रष्टाचारीहरूको कब्जामा पुग्छन्। ठूला माछा उम्कने, साना जालमा फस्ने नजिर बन्ने गर्छ। ठूला मुद्दामा अख्तियारले हारेको छ भने अदालत भ्रष्टाचारको ड्राइ क्लिनर्स बन्दैछन्। दण्ड सजाय भयो नै भने पनि कम भएर अरू सम्पत्ति चोखिन्छ। मान्छेको सम्झने शक्ति कमजोर भएकाले यहाँ ठूला अपराधमा दामिलहरू पनि अन्य देशमा सपरिवार बसाइ सरेर मस्तीको जीवन काटिरहेका हुन्छन्।

**अन्त्यमा**

अरूलाई ठूलो र आदर्श उपदेश दिने पण्डित र चङ्के पनि शक्तिको पछेउरीमा लुकेपछि अपराध र कुकर्म छिप्न सक्छ भन्ने सोच विकास हुँदै गए । त्यसले शक्तिमा पुग्न र टिकिरहन जे-जसो गरे पनि हुन्छ भन्ने मान्यता स्थापित हुँदैगयो। श्रमलाई घृणा गर्न थालेपछि एक्कासि धनी बन्ने जागृत इच्छाले मान्छेलाई अपराध र कुकर्मको बाटोमा धकेल्दै गयो। जबसम्म अपराधीले सुरक्षाछाता पार्टी, राजनीति र सत्तालाई सोचेर अपराध गर्नु बाध्यता थियो भन्ने तर्क कोरली रहनेछन् जबसम्म राजनीतिक क्षेत्रमा आदर्शको पुनर्स्थापना हुँदैन, समाजमा सहज आम्दानीको भोकको उपचार पनि हुनेछैन ।

# अयोध्यासँगको सम्बन्ध उचाइमा



रामजी दाहाल

भारतको अयोध्या र नेपालको जनकपुरधामबीचको सम्बन्ध हिजोआजको होइन , त्रेतायुगदेखिको हो । कुनै पनि व्यक्ति , समाज र मुलुकबीचको सम्बन्ध जति पुरानो भयो त्यति बलियो र विश्वासिलो हुन्छ । त्यसैले नेपाल-भारतबीचको सम्बन्धको गाँठो कति बलियो छ भन्ने त्रेतायुगको घटनाबाट प्रष्ट हुन्छ । रामायणमा उल्लेख भएअनुसार , दधिची ऋषिको हड्डीबाट बनाइएको ' पिनाक ' नामक धनुष भगवान् शिवले परशुरामलाई दिएका थिए । परशुरामले सो धनुष मिथिलाका राजा जनकलाई उपहारस्वरुप दिएको प्रसङ्ग रामायणमा छ । राजा जनक सो धनुषको दैनिक पूजाआजा गर्थे । त्यसक्रममा एकदिन उनले छोरी सीतालाई पूजा गर्न अह्राएका थिए। त्यस दिन सीताले बायाँ हातले धनुष उचालेर धनुष राख्ने ठाउँ चोख्याउँदै गरेको देखेपछि राजा जनक आश्चर्यमा परे। त्यसपछि उनले एउटा अठोट गरे कि धनुष उचालेर बाण चढाउन सक्नेसँग मात्र मेरी छोरी सीताको बिहे गरिदिन्छु । छोरीको विवाहको उमेर भएपछि पिता जनकले सबै राजारजौटा तथा राजकुमारलाई निम्ता गरी शिवधनुष उठाउन सक्ने व्यक्तिलाई सीताको स्वयंवर गरिदिने उद्घोष गरे। स्वयंवरमा सहभागी हुन आएका कसैले पनि धनु उचाल्न सकेनन्। यसो हुँदा छोरीको विवाह नै नहुने पो हो कि भनेर राजा जनक चिन्तित भए । भाइ लक्ष्मण र गुरु विश्वामित्रका साथ अयोध्याका राजकुमार श्रीराम पनि जनकपुर आएका थिए। गुरु विश्वामित्रको आज्ञाअनुसार रामले धनुषलाई प्रणाम गरी उचाल्दा धनु तीन टुक्रा भएर भाँचियो। त्यसपछि राजा जनक कम्ति गद्गद् भएका थिएनन्। यसरी धनुष तोडेपछि सीताको स्वयंवर तथा विवाह रामसँग भएको प्रसङ्ग रामायणमा उल्लेख छ ।

हिन्दु मान्यताअनुसार श्रीरामको जन्म अयोध्यामा भएको हो । उनको जन्मस्थान अयोध्यामा एक भव्य मन्दिर थियो जसलाई मुगल आक्रमणकारीले भत्काएर त्यहाँ एउटा मस्जिद बनाएका थिए । राष्ट्रिय स्वयंसेवक संघ र भारतीय जनता पार्टीको अगुवाइमा सो स्थानलाई मुगलबाट मुक्त गर्न र त्यहाँ एउटा नयाँ मन्दिर बनाउनका लागि लामै समय आन्दोलन चलेको थियो। त्यही आन्दोलनको परिणाम अदालतले राममन्दिर भएको ठाउँमा बाबरी मस्जिद निर्माण गरिएको भन्दै अयोध्यामा हिन्दुहरूलाई मन्दिर बनाउन मिल्ने फैसला सुनाएको थियो। सर्वोच्चको फैसलापछि यतिबेला अयोध्यामा राममन्दिर निर्माणले गति लिएको छ। २८ अगस्ट २०२० देखि निर्माण सुरु गरिएको १६१ फिट अग्लो मन्दिर सन् २०२४ भित्र निर्माण गरिने श्रीराम जन्मभूमि तीर्थक्षेत्रका महामन्त्री चम्पत रायले जानकारी दिए । निर्माणाधीन राममन्दिरमा जनकपुरधामको जानकी मन्दिर तथा मिथिलावासीका तर्फबाट धातुको धनुष नेपालमै निर्माण गरी राख्नका लागि पूर्व उपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिले राखेको प्रस्तावमा श्रीराम जन्मभूमि तीर्थक्षेत्रले सहमति जनाएको छ। अयोध्यामा २४ साउनमा भएको बृहत् छलफलमा निधिको यस्तो प्रस्तावलाई श्रीराम जन्मभूमि तीर्थक्षेत्रका महामन्त्री चम्पत रायले राम मन्दिर ट्रस्ट र निर्माण समितिमा छलफल गरी सहमति गराउने वचन दिएका छन्। रायले भनेका थिए 'मलाई विश्वास छ त्यो प्रस्तावमा सबैले सहमति जनाउनुहुनेछ ।' छलफलमा कांग्रेस नेता निधि, श्रीराम जन्मभूमि तीर्थक्षेत्रका महामन्त्री राय, जानकी मन्दिरका महन्थ रामतपेश्वर दास, राममन्दिर ट्रस्टका सदस्य डा. अनिल मिश्रलगायत सहभागी थिए। छलफलपछि निधिले महामन्त्री रायलाई नेपालमा निर्माण गरिएको धनुषको नक्सा हस्तान्तरण गरेका थिए। राममन्दिरमा राखिने रामको प्रतिमा नेपालको कालिगण्डकी क्षेत्रको शिलाबाट बनाउने विषयमा पनि विस्तृत छलफल भएको थियो। राम जन्मभूमि अयोध्यामा राममन्दिर निर्माण भारतीय जनता पार्टीको एक प्रमुख निर्वाचन मुद्दा बन्दै आएको छ ।

> भारतीय जनता पार्टी र उसको निकट रहेको राष्ट्रिय स्वयंसेवक सङ्घले सो स्थानमा राममन्दिर बनाउने मुद्दालाई पटकपटक उठाउँदै आएको थियो। हिन्दु धर्मको पक्षपाती भारतीय जनता पार्टी सत्तामा आएपछि अयोध्यामा राम मन्दिर बनाउने विषय उसका लागि प्रमुख मुद्दा हुने नै भयो ।

**अयोध्या विवाद**

हिन्दुहरूले भगवान् रामको जन्मस्थान भनी विश्वास गरेको अयोध्यामा मुगल सम्राट्ले सन् १५२८ मा मस्जिद निर्माण गरेका थिए। सन् १८५९ मा ब्रिटिस शासकले तारबार निर्माण गरी भित्र मुस्लिमलाई प्रार्थना तथा बाहिर हिन्दुलाई पूजा गर्न स्वीकृति दिने व्यवस्था गरेका थिए। सन् १९४९ मा मस्जिदभित्र भगवान् रामका मूर्ति देखिएपछि ती मूर्ति हिन्दुहरूले राखिदिएको आशङ्का गर्दै मुस्लिमहरूले विरोध गरेका थिए। हिन्दु र मुस्लिम दुवै पक्षले अदालतमा मुद्दा दर्ता गरेपछि सरकारले उक्त स्थान विवादित भन्दै ढोका बन्द गरिदिएको थियो । सन् १९८४ मा विश्व हिन्दु परिषद्को अगुवाइमा हिन्दुहरूले भगवान् रामको जन्मस्थानलाई 'मुक्त' गर्न भन्दै समिति गठन गरिएको थियो। त्यस अभियानको अगुवाइ भारतीय जनता पार्टीका नेता लालकृष्ण आडवाणीले गरेका थिए। सन् १९८६ मा जिल्ला न्यायाधीशले मस्जिदको ढोका खोलेर हिन्दुहरूलाई पूजा गर्न दिएको अनुमतिको विरोध गर्दै मुस्लिमहरूद्वारा बाबरी मस्जिद एक्सन कमिटी गठन गरिएको थियो । सन् १९८९ मा विश्व हिन्दु परिषद्को अग्रसरतामा विवादित मस्जिदसँगैको भूमिमा राम मन्दिरको जग हाल्ने काम भएको थियो। सन् १९९२ मा विश्व हिन्दु परिषद्, शिवसेना तथा भारतीय जनता पार्टीका समर्थकले मस्जिदका क्षति पु-याएका थिए। त्यसपछि फैलिएको हिन्दु-मुस्लिम दङ्गामा दुई हजारभन्दा धेरै मानिसले ज्यान गुमाएका थिए । मस्जिद भत्काइएको एक दशकपछि यसअघि सन् २००२ मा उक्त मुद्दा इलाहाबाद उच्च अदालतमा दर्ता गरिएको थियो। त्यसको आठ वर्षपछि सेप्टेम्बर २०१० मा उच्च अदालतले विवादित जमिन तीन भागमा बाँडेर मुस्लिम समुदाय , हिन्दु समुदाय र हिन्दु सन्यासीहरूको एउटा सम्प्रदाय निर्मोही अखडालाई दिनुपर्ने आदेश दिएको थियो। जुन फैसलामा चित्त नबुझेपछि हिन्दु र मुस्लिम दुवै समूहले त्यसविरुद्ध सर्वोच्चमा पुनरावेदन गरेका थिए । सन् २०११ मा त्यो आदेशलाई सर्वोच्चले खारेज गरिएको थियो ।

भारतीय जनता पार्टी र उसको निकट रहेको राष्ट्रिय स्वयंसेवक सङ्घले सो स्थानमा राममन्दिर बनाउने मुद्दालाई पटकपटक उठाउँदै आएको थियो। हिन्दु धर्मको पक्षपाती भारतीय जनता पार्टी सत्तामा आएपछि अयोध्यामा राम मन्दिर बनाउने विषय उसका लागि प्रमुख मुद्दा हुने नै भयो । त्यसमा पनि अयोध्या भूमि रहेको उत्तरप्रदेश सत्तारुढ भाजपाको सबैभन्दा बलियो क्षेत्र मानिन्छ। केन्द्र र प्रदेश सरकारले राममन्दिर निर्माणलाई प्राथमिक मुद्दा बनाउँदै आएको सन्दर्भमा ९ नोभेम्बर २०१९ मा सर्वोच्च अदालतले विवादित स्थलमा राममन्दिर निर्माण गर्न बाटो खुलाएको फैसला सुनायो। फैसलामा राममन्दिर निर्माणका लागि ट्रस्ट बनाउने आदेश पनि भएको थियो। सोही आदेश अनुसार केन्द्र संसद्ले ट्रष्ट बनाएको छ। सो फैसलापछि मन्दिर निर्माणको ढोका खुलेको हो। जस अनुसार ५ अगस्ट २०२० मा प्रधानमन्त्री नरेन्द्र मोदीले राममन्दिरको भूमिपूजा गरेको मात्र होइन, सन् २०२४ भित्र निर्माणकार्य पूरा गरिसक्न निर्देशन दिएका थिए। ट्रस्ट र निर्माण समितिले द्रुतगतिमा निर्माण अघि बढाएका छन् । ट्रस्टका अधिकारीहरूको भनाइमा ४ हजार करोड भारतीय रुपियाँमा मन्दिर निर्माण गरिनेछ । मन्दिर निर्माणकार्य पूरा भएसँगै त्यहाँ जनकपुरधामको जानकी मन्दिर तथा मिथिलावासीको तर्फबाट तयार पारिने धनुष राखिनेछ । जुन धनुषले राजा जनकको छोरी सीतासँग रामको विवाह भएको घटना स्मरण गराउनेछ । यसबाट नेपाल भारतको सम्बन्ध कति पुरानो रहेछ भन्ने प्रष्ट हुनेछ । यतिमात्र होइन , राममन्दिरमा राखिने धातुको धनुषले नेपाल-भारतबीचको सामाजिक , धार्मिक , सांस्कृतिक , राजनीतिक र आर्थिक सम्बन्ध थप उचाइमा पुग्ने विश्वास गरिएको छ । अयोध्या पुग्ने नेपालीका लागि मात्र नभएर जनकपुर नपुगेका भारतीयका लागि पनि धार्मिक पर्यटनको ढोका खोल्न राममन्दिरको धनुष कोसेढुङ्गा सावित हुनेछ ।

# सुत्केरी मृत्यु छानबिन समिति गठन



झापा(प्रस) । पाँचथरको सदरमुकाम फिदिममा भर्खरै सञ्चालनमा आएको गणेशमान सिंह सामुदायिक अस्पतालमा प्रसूति गराएकी महिलाको मृत्यु भएको घटना छानबिन गर्न समिति गठन गरिएको छ ।
समिति संयोजकका रुपमा पाँचथर अस्पतालका निमित्त प्रमुख बरुण अग्रवाललाई तोकिएको छ ।फिदिम नगरपालिका-६ की १९ वर्षीया करिना फागो (तुम्रोक) को आइतबार बिहान निधन भएको थियो । त्यसपछि मृतकका आफन्त र अस्पताल सञ्चालकबीच बढेको असमझदारी कम गर्दै समस्या समाधान गर्न जिल्ला प्रशासन कार्यालयमा सम्पन्न सर्वपक्षीय बैठकले घटना छानबिन गर्न समिति गठन गरेको हो ।अस्पताल प्रशासनले मृतकको परिवारलाई १० लाख रुपैयाँ उपलब्ध गराउने सहमतिसँगै आफन्तले शव बुझ्ने भएका छन् । अस्पताल प्रशासनले मृतकका आफन्तलाई किरिया खर्चस्वरुप तत्काल ५ लाख र नवजात शिशुको शिक्षादीक्षाका लागि बैंक खाता खोलेर थप पाँच लाख गरी १० लाख रुपैयाँको चेक हस्तान्तरण गरेलगत्तै शव बुझ्ने बुझाउने प्रक्रिया सुरु हुने सञ्चालक सन्तोष श्रेष्ठले जानकारी दिए । अस्पताल प्रशासनका अनुसार शनिबार उनले सामान्य अवस्थामा बच्चा जन्माएकी थिइन् । साँझ शरीरमा रगतको मात्रा कम भएपछि थप रगत दिइएको थियो । त्यसपछि रक्तस्राव रोकिए पनि अचानक रक्तचाप घटेर स्वास्थ्यमा जटिलता देखिएको थियो । यसपछि थप उपचारका लागि तराईको सुविधासम्पन्न अस्पताल पठाउने तयारी गर्दागर्दै उनको मृत्यु भएको श्रेष्ठको भनाइ छ । चिकित्सकहरुका अनुसार यो उपचारको क्रममा भएको लापर्बाही होइन ।
प्रसूतिपश्चात् अचानक हेमोग्लोबिन र रक्तचाप कम हुँदा यस्तो समस्या हुने उपचारमा संलग्न डा. शुभनारायण ठाकुरले बताए । तर परिवारजन भने अस्पताल पक्षको जवाफबाट सन्तुष्ट छैन । पारिवारिक स्रोतका अनुसार फागोले केही दिन अगाडि पाँचथर अस्पतालमा गर्भ परीक्षण गराएकी थिइन् । त्यसक्रममा चिकित्सकले बच्चाको तौल कम रहेको बताएका थिए । सामान्य ढंगले शिशुलाई जन्म दिएकी फागोको कसरी अचानक मृत्यु हुनसक्छ भन्दै परिवारजन एवं स्थानीय आक्रोशित छन् ।

# मोटरसाइकल चोर्ने गिरोहका ६ जना पक्राउ



झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय भोजपुरले मोटरसाइकल चोरीमा संलग्न ६ जनालाई पक्राउ गरेको छ ।
भोजपुरबाट हराएका चार मोटरसाइकलसहित उनीहरूलाई प्रहरीले सार्वजनिक गरेको हो । रातिको समयमा पार्किङ गरेको ठाउँबाट चोरी गरेर बाहिरका जिल्लामा लैजाने गिरोहलाई पक्राउ गर्न प्रहरी सफल भएको छ । प्रहरीले गत असार १० गते भोजपुरको पौवादुङ्मा गाउँपालिका श्यामशिलाका राजेन्द्र तामाङको चोरी भएको मोटरसाइकलसहित खाँदबारी नगरपालिका १० बस्ने २६ वर्षीय निराजन गौतम र २५ वर्षीय टीकाराम तिवारीलाई पक्राउ गरेको हो । त्यस्तै असार २३ गते अरुण गाउँपालिकाबाट हराएको फत्तसिं राईको मोटरसाइकलसहित संखुवासभाको पाँचखपन नगरपालिका २ का २३ वर्षीय रविकिरण राईलाई पक्राउ गरेको हो । त्यसैगरी जेठ ८ गते भोजपुरको देउरालीबाट स्थानीय बालम राईको चोरी भएको मोटरसाइकलसहित संखुवासभाको खाँदबारी नगरपालिका ७ बस्ने २५ वर्षीय मौसम तामाङ र सभापोखरी गाउँपालिका ३ का २८ वर्षीय उपेन्द्र तामाङ पक्राउ परेका हुन् । त्यस्तै भोजपुर बजारमा पार्किङ गरेको ठाउँबाट गिरेन्द्र खड्काको मोटरसाइकल चोरी गर्ने खाँदबारी नगरपालिका १ का ४० वर्षीय रोहितमान राईलाई प्रहरीले सार्वजनिक गरेको छ । उनीहरूले संखुवासभाका दुर्गम ठाउँमा लगेर नम्बरप्लेट तथा पार्टपुर्जा परिवर्तन गरेर मोटरसाइकल चलाएको पाइएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमुख राजकुमार राईले जानकारी दिए । चोरीका मोटरसाइकल २५ हजारदेखि ७० हजारसम्ममा बिक्री गरेको पाइएको उनको भनाई छ । प्रहरीले मोटरसाइकल किन्ने तथा पूर्जा परिवर्तनमा सहयोग गर्ने ग्यारेजवालालाई समेत नियन्त्रणमा लिएको छ । चोरीको योजना बनाउने मुख्य योजनाकार बमबहादुर न्यौपानेलाई इटहरीबाट पक्राउ गरी भोजपुर ल्याउने तयारी भइरहेको प्रमुख राईको भनाई छ ।

# ब्राउनसुगरको कारोबार गर्ने चारजना पक्राउ



झापा(प्रस) । सुनसरीमा लागूऔषध ब्राउनसुगरको कारोबारमा संलग्न चारजना पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा इटहरी उपमहानगरपालिका ४ बस्ने २७ वर्षीया सृजना ओझा, सोही स्थानका २८ वर्षीय सुशान्त घिमिरे, धनकुटा सहिदभूमि गाउँपालिका ५ घर भई हाल इटहरी उपमहानगरपालिका ५ मादेन मार्ग टोलमा डेरा गरी बस्ने ३४ वर्षीय बिर्तसिंह राई र उनकी श्रीमती ३५ वर्षीया पवित्रा राई रहेका छन् । गत साउन २० गते बेलुका ईलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले ब्राउनसुगरको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा इटहरी उपमहानगरपालिका ६ स्थित भाटे एण्ड खाजा घरबाट १ ग्राम १५० मिलीग्राम ब्राउनसुगर र ७ हजार नगदसहित सृजना ओझा र सुशान्त घिमिरेलाई पक्राउ गरेको थियो । पक्राउ परेका उनीहरूबाट ब्राउनसुगर बिर्तसिंह राई र उनकी श्रीमती पवित्रा राईबाट खरिद गरिएको भन्ने कुरा अनुसन्धानबाट खुलेसँगै प्रहरी टोलीले बिर्तसिंहलाई इटहरी उपमहानगरपालिका ५ बाट फेला पारी शरीर तलासी लिँदा ब्राउनसुगर ६ ग्राम ७६० मिलिग्राम फेला पारेको हो । थप ब्राउनसुगर ३३ ग्राम ९० मिलिग्राम राई दम्पतीको डेरामा खानतलासी लिँदा करुवाभित्र लुकाई राखेको अवस्थामा फेला परेको हो ।
उनीहरूको डेराबाट डिजिटल तराजु र २७ हजार ३ सय नगद समेत बरामद भएको छ ।
लागूऔषध कारोबारमा संलग्न रहेका चारैजनालाई ईलाका प्रहरी कार्यालय इटहरीले सुनसरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अघि बढाएको छ ।

# बिर्तामोडमा पहिलो पटक एसीसीए कक्षा सञ्चालन



बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा पहिलो पटक एसोसिएसन अफ सर्टिफाइड चार्टड एकाउन्टेन्ट(एसीसीए) को कक्षा सञ्चालन भएको छ । काठमाडौपछि पहिलो पटक झापामा एसीसीएको कक्षा पिके फाइनान्सियल एकाडेमीले सञ्चालनमा ल्याएको हो ।
आर्थिक अबस्थाका कारण काठमाडौं गएर पढ्न नसक्ने विद्यार्थीहरुका लागि बिर्तामोडमा त्यस्तो व्यवस्था गरिएको पत्रकार सम्मेलनमार्फत प्रालिका अध्यक्ष गंगाराम बस्नेतले जानकारी दिए । फाइनान्स एक्स्पर्ट, ट्याक्स एक्स्पर्ट र बिजनेस एक्स्पर्टका लागि एसीसीएको माग उच्च रहेको उनले बताए । एकाडेमीले हाल पहिलो ब्याचका ४ जना विद्यार्थी अध्यापन गराइरहेको छ । उक्त एकाडेमीमा माई नगरपालिका-४ का सागर ढुङ्गाना, तेञ्जिङ तामाङ, बुद्धशान्ति-१ का एञ्जल गुरागाई र बिर्तामोड-३ की कृति श्रेष्ठले अध्ययन गर्दै आएका छन् । कृति श्रेष्ठले एमबिबिएस पढ्ने सोच त्यागेर कमाई र प्रेस्टिजको हिसाबले उक्त बिषय रोजेको बताइन् । एसीसीए बिषयको पहिलो लेभल एसईई उत्तीर्ण गरेका बिद्यार्थीले पनि पढ्न सक्ने तर, अर्को लेभलमा जानका लागि कक्षा १२ पास गर्नुपर्ने एकाडेमीका प्रवन्ध निर्देशक प्रज्वल अधिकारीले बताए । उक्त बिषयको एसीसीए ग्लोवलले परीक्षा लिने उनले बताए । एसीसीए ग्लोवल नेपाल , बेलायतसहित १४८ देशमा छ । पिके फाइनान्सियल एकाडेमी एसीसीएका लागि मान्यताप्राप्त लर्निङ सेन्टरको रुपमा रहेको हो । देशभरिमा त्यस्ता ११ वटा सेन्टर छन् । ९ वटा काठमाडौंमा, एउटा बुटवलमा र बिर्तामोडमा भर्खरै खोलिएको हो । नेपालको चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट मान्यता पाएको झापाको एकमात्र संस्था पिके फाइनान्सियल एकाडेमी भएको प्रबन्ध निर्देशक अधिकारीले बताए ।

एसीसीए सकेर नेपालमा लेखा व्यवसाय अभ्यास गर्न इच्छा भएकाहरुले चार्टड एकाउन्टेन्टहरुले संचालन गरेको संस्था भएकाले विषय विज्ञतामा उच्च क्वालिटी दिन आफूहरु कटिबद्ध रहेको उनले बताए । बिबिएस र एमबिएस सकेका बिद्यार्थीहरुका लागि पनि केही बिषयहरु नयाँ हुने भएकाले एसीसीएको आकर्षण बढ्दै गएको बताइएको छ ।

एकाडेमीले आगामी शनिवार बिर्तामोडमा सेमिनार गर्ने भएको छ । उक्त सेमिनारमा एकसय बढी बिद्यार्थीको सहभागिता रहने लक्ष्य राखिएको अध्यक्ष बस्नेतले जानकारी दिए । एकाडेमीले सीए र सीएटी बिषयमा पनि अध्यापन गराउने बताएको छ ।

# मिस नेपाल नर्थ अमेरिकाको विजेता बनिन् प्रतियुशा




झापा(प्रस) । न्यूयोर्कमा सम्पन्न भएको मिस नेपाल नर्थ अमेरिका २०२२ को विजेता प्रतियुशा बोहरा बनेकी छिन् ।

न्यूयोर्कको क्विन्समा भएको प्रतियोगितामा उनले १४ जना प्रतिस्पर्धीहरुलाई उछिन्दै मिस नेपाल नर्थ अमेरिका २०२२ को बाजी मारेकी हुन् । यसैगरी फस्ट रनरअप आन्या थापा तथा सेकेन्ड रनरअप दिव्या पन्त भएका छन् । अगस्त ६ का शनिवारका दिन भएको समापन समारोहमा विजेताहरुको घोषणा गरिएको थियो । १४ जना प्रतियोगीहरु अमेरिकाका विभिन्न राज्यहरुबाट सहभागी भएका थिए । पहिलो चरणमा १४ जना प्रतियोगीहरु परिचयात्मक प्रस्तुतिपछि दोस्रो चरणमा १० जना पुगेका थिए । दोस्रो चरणमा पुगेका १० जना मध्येबाट अन्तिम चरणमा ५ जना छानेर मिस नेपाल नर्थ अमेरिका २०२२ का विजेता ,प्रथम विजेता तथा द्वितीय विजेता घोषणा गरिएको थियो । १४ जना प्रतियोगीहरुमा आन्या थापा कोलोराडो,बिष्णु मिश्रा ओहायो,दिया पन्त पेनसेलभेनिया, मिङ्मा शेर्पा न्युयोर्क, राजीना कार्की न्यू मेक्सिको, रिया बराल क्यान्सस ,सारा कार्की टेक्सस, सरोज तामाङ मिसिगन ,शिला बस्नेत सान फ्रान्सिस्को ,शिभालिका भण्डारी टेक्सस, प्रतियुषा बोहरा टेक्सस ,स्वस्तिका लयालु टेक्सस ,छिरिंग शेर्पा न्यूयोर्क तथा जानकी राई न्यूयोर्क रहेका थिए । मिस नेपाल नर्थ अमेरिका २०२२ मा पूर्व नेपाल सुन्दरी सदीक्षा श्रेष्ठ आधिकारिक मुख्य कोरियोग्राफर रहेकी थिइन् भने निशा पाठक तथा साहना बज्राचार्यद्वय कार्यक्रम प्रस्तोता रहेका थिए । मिस नेपाल नर्थ अमेरिका २०२२ मा नेपाल सुन्दरी प्रियंका रानी जोशी पनि उपस्थित रहेकी थिइन् ।


प्रतिदिन **वर्गीकृत विज्ञापन**

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

**तपाईंकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



**मानव डेन्टल**
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आज कुनै कुराले मनमा शान्ति छाउनेछ । धर्मकर्ममा मन लाग्नेछ ।

**वृष** आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको कार्य पुरा होला ।

**मिथुन** सामाजिक कार्यमा सफलता हात लाग्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ ।

**कर्कट** निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ ।

**सिंह** रोकिएका कामहरू पुन: सुरु हुन सक्छन् । विज्ञान र प्राविधिक कार्य अघि बढ्नेछ ।

**कन्या** सजिलै अरूको मन जित्न सकिनेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

**तुला** आज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुन सक्छ

**वृश्चिक** आज लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय रहनेछ ।

**धनु** धार्मिक कार्यमा रुचि बढ्नेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**मकर** स्वादिष्ट खानेकुरा खान पाइनेछ । धन हात पनि पर्न सक्छ ।

**कुम्भ** आज प्रेम जीवन सुखद् रहनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**मिन** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।